कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# जिल्ला वन पैदावार आपूर्ति समिति उदयपुर
गाईघाट(बोक्से), नेपाल

३. राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन भएको मितिले २१ औं दिन (वि.सं. २०८२ साल चैत्र ०५ गते) कार्यालय समयभित्र बोलपत्र खरिद गरी २२ औ दिन (मिति २०८२ चैत्र ०६ गते दिनको २.०० वजे) सम्म दाखिला गर्न सकिनेछ । दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोही समयभित्र बोलपत्र दाखिला गर्न सकिनेछ ।

४. बोलपत्र साथ कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको रा.वा. वैक गाईघाटमा रहेको प्रदेश लेखा धरौटी खाता नं. २०९०१००२०२०३०००० मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

५. बैक जमानत धरौटीको रुपमा पेस गरिने भएमा त्यस्तो जमानत कम्तीमा ६ महिना सम्मको लागि मान्य हुनु पर्नेछ ।

६. बोलपत्र फारामको मोल पछि फिर्ता नहुने गरी प्लट नं. २,३ र ५ को प्रति प्लट रु १०००।– तथा प्लट नं. ४ को रु ३०००।- का दरले तिरी यस समितिको लेखा शाखा वा वन निर्देशनालय धरान, सुनसरी डिभिजन वन कार्यालय उदयपुर(त्रिवेणी) बाट खरिद गर्न सकिनेछ ।

७. कटान, मुछान, संकलन हुने रुखहरु तथा घाटगद्दीक्षेत्र सम्बन्धित वनक्षेत्रमा गई हेर्न सकिनेछ ।

८. बोलपत्रमा भाग लिन वन पैदावारको कारोवार गर्ने उदेश्यले दर्ता भई रितपूर्वकको फर्म दर्ताको प्रमाणपत्र, स्थायी लेखा नं.(PAN) वा मुल्य अभिबृद्दि कर(VAT), दर्ताको प्रमाणपत्र र हालको कर चुक्ताको प्रमाणपत्र भएको ईच्छुक काष्ठ व्यवसायी, फर्म वा कम्पनीले ती प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी बोलपत्र साथ पेस गर्नु पर्नेछ ।

९. निर्धारित गरिएको न्युनतम संख्या र रितपुर्वक पर्न आएका बोलपत्रहरु विधिसम्मत तवरले सबै बोलपत्रहरु प्राप्त भएपछि कार्यालयमा सूचना प्रकाशित गरि तोकिएको मिति र समयमा खोलिनेछ ।

१०. ठेक्का सदर भएको जानकारी प्राप्त भएको ७ दिन भित्र करारनामा गर्न आउनु पर्नेछ ।

११. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेखु पर्नेछ, अंक र अक्षर फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१२. बोलपत्र दाताले यसभन्दा अगाडि रुख कटान संकलन गरेको भए सो को अनुभवको प्रमाण पेश गर्नु पर्नेछ । यसभन्दा अघि काठ कटान, संकलन गर्ने फर्म वा कम्पनीलाई पहिलो प्राथामिकता दिइ बोलपत्र मुल्यांकन हुनेछ ।

१३. प्लट नं. २ र ३ का काठदाउराको घाटगद्दीस्थल जिल्ला उदयपुर त्रियुगा नगरपालिका वडा नं. १४ दियाले रहनेछ भने प्लट नं. ४ र ५ को घाटगद्दीस्थल जिल्ला उदयपुर वेलका नगरपालिका ५, घुम्ने चौरीमा रहनेछ ।

१४. करानामा सम्बन्धी विवाद परेमा अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

CamScanner